बैठक संख्याः ११।२०८२

बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

आज मिति २०८२।३।३१ गते मंगलबार विहान १०:०० वजे ससकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक वसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री दिपक राई | का.वा. वडा अध्यक्ष | १ | |
| ४ | श्री नवराज अधिकारी | का.वा. वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जय राम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्गा | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |

बैठक संख्याः ११।२०८२
बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| २ | श्री किशोर कुमार यादव | ईन्जिनियर | | |
| ३ | श्री रण बहादुर मगर | अधिकृत छैठौं | | |

<u>प्रस्तावहरु</u>

१. प्रस्ताव नं. १ : ससकोशी नगरपालिकाको विनियोजन विधेयक, २०८२ सम्वन्धमा ।
२. प्रस्ताव नं. २ : आ.व. २०८२।०८३ को आय र व्यय बजेट सम्वन्धमा ।
३. प्रस्ताव नं. ३ : आ.व.२०८२।०८३ को प्रशासनिक खर्च शिर्षकमा वजेट विनियोजन सम्वन्धमा।
४. प्रस्ताव नं. ४ : आ.व.२०८२।०८३ को नगरस्तरीय योजना तथा कार्यक्रममा वजेट विनियोजन सम्वन्धमा।
५. प्रस्ताव नं. ५ : आ.व.२०८१।०८२ को दायित्व भुक्तानी सम्वन्धमा।
६. प्रस्ताव नं. ६ : सुरक्षित आवास परियोजना सञ्चालनको स्वीकृति एवं अनुमोदन सम्वन्धमा।
७. प्रस्ताव नं. ७ : " घ " वर्गको ईजाजातपत्र सिफारिस समिति गठन सम्वन्धमा।

<u>निर्णयहरु</u>

<u>निर्णय नं. १</u>

ससकोशी नगरपालिकावाट आर्थिक वर्ष २०८२।०८३ को लागि चालु खर्च, पूँजीगत खर्च, योजना तथा कार्यक्रमहरुमा गरिने खर्च व्यवस्थापन गर्ने सम्वन्धमा तपसिल वमोजिमको ससकोशी नगरपालिकाको विनियोजन विधेयक, २०८२ पन्ध्रौं नगर सभा समक्ष पेश गर्ने निर्णय गरीयो।

<u>तपसिल</u>

ससकोशी नगरपालिकाको विनियोजन ऐन, २०८२

ससकोशी नगरपालिका, ससरीको आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

<u>प्रस्तावनाः</u> ससकोशी नगरपालिका, ससरीको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम कार्यान्वयन गरी सेवा र कार्यहरुको लागि विनियोजित रकम नगरपालिकाको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बैठक संख्याः ११।२०८२

बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम ससकोशी नगरपालिका, ससरीको पन्ध्रौं नगर सभाको बैठकवाट ससकोशी नगरपालिकाको विनियोजन ऐन, २०८२ पारित गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम ससकोशी नगरपालिकाको विनियोजन ऐन, २०८२ रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आर्थिक वर्ष" भन्नाले २०८२ साल श्रावण १ गते देखि २०८३ आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले ससकोशी नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "विनियोजन" भन्नाले नगर सभाद्वारा विभिन्न सेवा र कार्यहरुका लागि विभिन्न शीर्षकमा खर्च गर्न छुट्टाइएको रकम सम्झनु पर्छ ।

(घ) "संविधान" भन्नाले भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(ङ) "सञ्चित कोष" भन्नाले ससकोशी नगरपालिकाको सञ्चित कोष सम्झनु पर्छ ।

(च) "सभा" भन्नाले ससकोशी नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले ससकोशी नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

३. आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार र सीमा :

(१) आर्थिक वर्ष २०८२।०८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित श्रोतहरुवाट प्राप्त चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५१,३२,८०,६६८।- (एकाउन्न करोड वत्तीस लाख असी हजार छ सय अठसट्टी रुपैया मात्र) निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषवाट खर्च गर्न सकिनेछ । जसमध्ये रु.४७३४७९८८।- ( चार करोड त्रिहत्तर लाख सतचालिस हजार नौ सय अठासी रुपैया मात्र) आर्थिक वर्ष २०८१।०८२ को अनुमानित बचत रकम समावेस रहेको छ । आर्थिक वर्ष २०८२।०८३ मा सङ्घीय सरकार तथा प्रदेश सरकारबाट कुनै कार्यक्रम तथा योजना, विशेष वजेट प्राप्त भएमा यो ऐन बमोजिम खर्च गर्न सकिने छ ।

४. विनियोजित शीर्षक संशोधन र रकमान्तर सम्बन्धी व्यवस्था:

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त ससकोशी नगरपालिका, ससरीको नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) यस ऐनद्वारा चालु, पुंजीगत तथा वित्तीय व्यवस्था अन्तर्गत विनियोजित शीर्षकमा रकम खर्च गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा वढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(५) समपुरक तर्फ विनियोजित रकम सङ्घ र प्रदेश सरकारवाट प्रस्ताव गरिए अनुरुप समपुरक अनुदान प्राप्त हुन नआएमा नगर सभाले स्वीकृत गरेका कार्यक्रममा रकम विनियोजन गरी खर्च गर्न सकिनेछ ।

(६) उपदफा (२) बमोजिम विभिन्न शिर्षकमा विनियोजित रकम खर्च गर्दा प्रचलित कानुनले तोकेको प्रकृया पुरा गरी विभिन्न संघ/संस्था, उपभोक्ता समिति वा ठेक्का प्रकृयावाट कार्यान्वयन गरिनेछ।

५. <u>कार्यविधि बनाई लागू गर्न सकिने:</u> यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार नगर कार्यपालिकावाट कार्यविधि वा निर्देशिका स्वीकृत गरी कार्यान्वयन गर्न सकिने छ ।

६. <u>खारेजी र बचाउ:</u>

(१) यो ऐन नगर सभाबाट स्वीकृत भई लागु भएपछि विनियोजन ऐन, २०८१ खारेज हुनेछ ।

(२) विनियोजन ऐन, २०८१ वमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

बैठक संख्याः ११।२०८२
बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

## अनुसुची -१

ससकोशी नगरपालिकाको लागि आर्थिक वर्ष २०८२।०८३ को निमित्त नगर कार्यपालिकाको कार्यालय, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त खर्च गरिने तपसिलका श्रोतहरुवाट प्राप्त भएको चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थापन समेतको श्रोतगत बजेट रकम

### ससकोशी नगरपालिकाको आ.व.२०८२।०८३ को अनुमानित आय बजेट

| सि.नं. | आय शिर्षक | अनुमानित आय रु. |
|---|---|---|
| १ | सङ्घीय वित्तीय समानीकरण अनुदान | ८७५००००० |
| २ | सङ्घीय राजश्व बाँडफाड | ८१३८०१८७ |
| ३ | सङ्घीय वन रोयल्टी | ९०००० |
| ४ | सङ्घीय शसर्त अनुदान | १३५५००००० |
| ५ | सङ्घीय विशेष अनुदान | ६९००००० |
| ६ | सङ्घीय समपुरक अनुदान | ५८७००००० |
| ७ | प्रदेश वित्तीय समानीकरण अनुदान | ५९६५००० |
| ८ | प्रदेश राजश्व बाँडफाड | ६७१९२८० |
| ९ | प्रदेश सशर्त अनुदान | ९५००००० |
| १० | प्रदेश विशेष अनुदान | ३०००००० |
| ११ | प्रदेश समपुरक अनुदान | २०००००० |
| १२ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५०००००० |
| १३ | आन्तरिक राजस्व | ६३६७८२१३ |
| १४ | आ.व. २०८१।०८२ को अनुमानित बचत रकम | ४७३४७९८८ |
| | जम्मा | ५१३२८०६६८ |

बैठक संख्याः ११।२०८२
बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

<u>निर्णय नं. २</u>

ससकोशी नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को लागि देहाय बमोजिमको अनुमानित आय र व्यय वजेट पारित गर्न पन्ध्रौं नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

<u>ससकोशी नगरपालिकाको आ.व.२०८२।०८३ को अनुमानित आय बजेट</u>

| सि.नं. | आय शिर्षक | आ.व.२०८२।०८३ को अनुमानित वजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | संघीय वित्तीय समानीकरण अनुदान | ८७५००००० | नगरपालिकावाट विनियोजन गरिने आय अनुमान |
| २ | संघीय राजश्व बाँडफाड | ८१३८०१८७ | |
| ३ | संघीय वन रोयल्टी | ९०००० | |
| ४ | प्रदेश वित्तीय समानीकरण अनुदान | ५९६५००० | |
| ५ | प्रदेश राजश्व बाँडफाँड | ६७१९२८० | |
| ६ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ५०००००० | |
| ७ | आन्तरिक राजश्व | ६३६७८२१३ | |
| ८ | आ.व.२०८१।०८२ को अनुमानित वचत रकम | ४७३४७९८८ | |
| | सि.नं. १ देखि ८ सम्मको जम्मा | २९७६८०६६८ | |
| ९ | संघीय शसर्त अनुदान | १३५५००००० | चालु आ.व.२०८१।०८२ लाई आधार लिई अनुमान गरिएको । |
| १० | संघीय विषेश अनुदान | ६९००००० | |
| ११ | संघीय समपुरक अनुदान | ५८७००००० | |
| १२ | प्रदेश शसर्त अनुदान | ९५००००० | |
| १३ | प्रदेश विषेश अनुदान | ३०००००० | |
| १४ | प्रदेश समपुरक अनुदान | २०००००० | |
| | सि.नं. ९ देखि १४ सम्मको जम्मा | २१५६००००० | |
| | कुल अनुमानित वजेट | ५१३२८०६६८ | |

बैठक संख्याः ११।२०८२

बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

## ससकोशी नगरपालिकाको आ.व.२०८२।०८३ को अनुमानित व्यय बजेट

| सि.नं. | आय शिर्षक | आ.व.२०८२।०८३ को अनुमानित वजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | संघीय वित्तीय समानीकरण अनुदान | ८७५००००० | नगरपालिकावाट विनियोजन गरिने आय अनुमान |
| २ | संघीय राजश्व बाँडफाड | ८१३८०१८७ | |
| ३ | संघीय वन रोयल्टी | ९०००० | |
| ४ | प्रदेश वित्तीय समानीकरण अनुदान | ५९६५००० | |
| ५ | प्रदेश राजश्व बाँडफाँड | ६७१९२८० | |
| ६ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ५०००००० | |
| ७ | आन्तरिक राजश्व | ६३६७८२१३ | |
| ८ | आ.व.२०८१।०८२ को अनुमानित वचत रकम | ४७३४७९८८ | |
| | सि.नं. १ देखि ८ सम्मको जम्मा | २९७६८०६६८ | |
| ९ | संघीय शसर्त अनुदान | १३५५००००० | चालु आ.व.२०८१।०८२ लाई आधार लिई अनुमान गरिएको । |
| १० | संघीय विषेश अनुदान | ६९००००० | |
| ११ | संघीय समपुरक अनुदान | ५८७००००० | |
| १२ | प्रदेश शसर्त अनुदान | ९५००००० | |
| १३ | प्रदेश विषेश अनुदान | ३०००००० | |
| १४ | प्रदेश समपुरक अनुदान | २०००००० | |
| | सि.नं. ९ देखि १४ सम्मको जम्मा | २१५६००००० | |
| | कुल अनुमानित वजेट | ५१३२८०६६८ | |

| सि.नं. | शिर्षक | वजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | चालु खर्च | १०६५८५१९५ | |
| २ | आ.व.२०८१।०८२ को सिर्जित दायित्व तर्फको कार्यक्रम/योजनाहरुको भुक्तानी अनुमान | ७४२९५४७३ | |

बैठक संख्याः ११।२०८२
बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| सि.नं. | शिर्षक | वजेट रु. | कैफियत |
|---|---|---|---|
| ३ | नगरपालिकावाट आ.व.२०८२।०८३ मा संघीय समपुरक/प्रदेश समपुरक तर्फका कार्यक्रम/योजनाहरुको लागि लागत साझेदारी तथा अन्य कार्यक्रम/योजनाहरुको लागि लागत साझेदारी व्यहोर्ने अनुमान | ४०००००० | समपुरक तथा लागत साझेदारीमा संचालन हुने योजना/कार्यक्रममा अपुग हुने वजेटवाट सिर्जना हुने दायित्व नगरपालिकाले व्यहोर्नेछ । |
| ४ | ससकोशी शहरी खानेपानी आयोजना साझेदारी | २५००००० | |
| ५ | नगरस्तरीय कार्यक्रम/योजनाको वजेट | | |
| ७ | अधुरा भौतिक संरचनाहरुको निर्माण | ३०००००० | |
| | श्री राष्ट्रिय आधारभुत विद्यालय सखुवनी वडा नं.३ | | |
| | श्री नन्दउमा पव्लिक मा.वि. वडा नं. ८ | | |
| | श्री आधारभूत विद्यालय वडा नं. ७ | | |
| | श्री राष्ट्रिय आधारभूत विद्यालय कमलपुर वडा नं.९ | | |
| | श्री अधुरो सभा हल निर्माण वडा नं.८ | | |
| | श्री जनहित आधारभूत विद्यालय वडा नं.५ को शौचालय निर्माण | | |
| | ४,६,७,१० र ११ नं. वडा कार्यालयको घेरावेरा | | |
| | २ नं. वडा कार्यालयको प्रङ्गगणमा माटो पुर्ने र व्लक विछयाउने | | |
| ८ | वडा कार्यालय भवन निर्माण वडा नं.१ / वडा नं.८ | २५००००० | |
| ९ | जनतासंग मेयर कार्यक्रम | ३५००००० | |
| १० | जनतासंग उपमेयर कार्यक्रम | १५००००० | |
| ११ | शिक्षा विकास कार्यक्रम/योजना | ४५००००० | |
| १२ | नगर खेलकुद विकास समिति | २५००००० | |
| १३ | स्वास्थ्य सम्वन्धी कार्यक्रम/योजना | ६०००००० | |
| १४ | कृषि विकास कार्यक्रम/योजना | ११००००० | |
| १५ | पशु/पंन्छी विकास कार्यक्रम/योजना | २४००००० | |
| १६ | महिला, वालवालिका, अपाङ्गता सम्वन्धीका कार्यक्रम/योजना | ७००००० | |

बैठक संख्याः ११।२०८२

बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

| सि.नं. | शिर्षक | वजेट रु. | कैफियत |
|---|---|---|---|
| १७ | लक्षित वर्ग विकास कार्यक्रम/योजना | ५००००० | |
| १८ | दलित वर्ग सशक्तिकरण कार्यक्रम | २५०००० | |
| १९ | धर्म, सस्कृति संरक्षण तथा सम्वर्द्धन कार्यक्रम | २००००० | |
| २० | लघु उद्यम विकास कार्यक्रम/युवा स्वरोजगार कार्यक्रम | ६००००० | |
| २१ | रोजगार सेवा केन्द्र सम्वन्धी कार्यक्रम/योजना | ६००००० | |
| २२ | विपद व्यवस्थापन सम्वन्धी कार्य | ३०००००० | |
| २३ | टयाङ्ग्रा खोला निकासा जग्गाको मुआव्जा वितरण | ५०००००० | |
| २४ | वडास्तरीय कार्यक्रम/योजनाको वजेट | ३००००००० | |
| २५ | फोहोर मैला व्यवस्थापन-FSTP/WASH साझेदारी | १०००००० | |
| २६ | वैकल्पिक उर्जासंग साझेदारी-सुधारिएको चुलो | १०००००० | |
| २७ | विभिन्न योजनाको IEE/DPR निर्माण(मोक्षधाम निर्माण समेत) | २०००००० | |
| २८ | पशु वीमा प्रवर्द्धन कार्यक्रम | १२००००० | |
| २९ | प्राविधिकधार भेटेनरी कक्षा संचालन सहयोग | ३००००० | |
| ३० | गो.वै.ज.क्याम्पस संचालन/व्यवस्थापन | ३००००० | |
| ३१ | प्रयास पुस्तकालय संचालन तथा व्यवस्थापन | १५०००० | |
| ३२ | शहीद स्मृति/आशा स्मृति निर्माण | ५००००० | |
| | सि.नं. १ देखि सि.नं. ३२ सम्मको जम्मा | २९७६८०६६८ | |

<u>निर्णय नं. ३</u>

सप्तकोशी नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को लागि निम्न प्रशासनिक खर्च शिर्षकहरुमा देहाय वमोजिम वजेट विनियोजन गर्न पन्ध्रौ नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो। देहाय

| क्र.सं. | बजेट उपशिर्षक | खर्च शिर्षक कोड | विवरण | आ.व. २०८२।०८३ को अनुमानित बजेट |
|---|---|---|---|---|
| | १ | २ | ३ | ४ |
| १ | ८०११४४०४१०१ | २११११ | पारिश्रमिक कर्मचारी | २४,०००,००० |
| २ | ८०११४४०४१०१ | २१११२ | महँगी भत्ता | १,८३६,००० |

बैठक संख्याः ११।२०८२
बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| क्र.सं. | बजेट उपशिर्षक | खर्च शिर्षक कोड | विवरण | आ.व. २०८२।०८३ को अनुमानित बजेट |
|---|---|---|---|---|
| ३ | ८०११४४०४१०१ | २११११ | करार कर्मचारीहरुको पारिश्रमिक | १४,७७७,३७५ |
| ४ | ८०११४४०४१०१ | २११११ | नयाँ थप कर्मचारी पारिश्रमिक | ३,५००,००० |
| ५ | ८०११४४०४१०१ | २११११ | करार सेवा शुल्क | २००,००० |
| ६ | ८०११४४०४१०१ | २११११ | ज्यालादारीमा कार्यरत कर्मचारी | २,९५३,३४० |
| ७ | ८०११४४०४१०१ | २१११२ | पदाधिकारी सेवा सुविधा | १४,५३३,३१८ |
| ८ | ८०११४४०४१०१ | २११४१ | पदाधिकारी बैठक भत्ता | १,८००,००० |
| ९ | ८०११४४०४१०१ | २११२१ | करार कर्मचारीको पोषाक भत्ता | ७३०,००० |
| १० | ८०११४४०४१०१ | २११२१ | स्थायी कर्मचारीहरुको पोशाक भत्ता | ५८०,००० |
| ११ | ८०११४४०४१०१ | २११२३ | औषधी उपचार खर्च | ३००,००० |
| १२ | ८०११४४०४१०१ | २११३४ | कर्मचारी बैठक भत्ता | ५००,००० |
| १३ | ८०११४४०४१०१ | २११३५ | कर्मचारी प्रोत्साहन भत्ता | ७००,००० |
| १४ | ८०११४४०४१०१ | २११३९ | अन्य भत्ता | २००,००० |
| १५ | ८०११४४०४१०१ | २१२१४ | कर्मचारी कल्याणकारी कोष | १,०००,००० |
| १६ | ८०११४४०४१०१ | २२१११ | पानी तथा विजुली | ७००,००० |
| १७ | ८०११४४०४१०१ | २२११२ | ईन्टरनेट खर्च | ५००,००० |
| १८ | ८०११४४०४१०१ | २२११२ | सञ्चार महसुल | ४००,००० |
| १९ | ८०११४४०४१०१ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ३,०००,००० |
| २० | ८०११४४०४१०१ | २२२१३ | सवारी साधन मर्मत खर्च | २,०००,००० |
| २१ | ८०११४४०४१०१ | २२२१४ | बीमा तथा नविकरण | ८००,००० |
| २२ | ८०११४४०४१०१ | २२२२१ | मेशनरी तथा औजार मर्मत संम्भार तथा संचालन खर्च | ५००,००० |
| २३ | ८०११४४०४१०१ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १,५००,००० |
| २४ | ८०११४४०४१०१ | २२३१३ | बजेट प्रविष्टि तथा सुत्र अपडेट खर्च | १००,००० |
| २५ | ८०११४४०४१०१ | २२३१५ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | १,०००,००० |
| २६ | ८०११४४०४१०१ | २२४११ | सेवा तथा परामर्श | ५००,००० |

बैठक संख्याः ११।२०८२

बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| क्र.सं. | बजेट उपशिर्षक | खर्च शिर्षक कोड | विवरण | आ.व. २०८२।०८३ को अनुमानित बजेट |
|---|---|---|---|---|
| २७ | ८०११४४०४१०१ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ३००,००० |
| २८ | ८०११४४०४१०१ | २२५११ | कर्मचारी तथा जनप्रतिनिध तालिम खर्च | ३००,००० |
| २९ | ८०११४४०४१०१ | २२५२२ | विविध कार्यक्रम खर्च | ५००,००० |
| ३० | ८०११४४०४१०१ | २२६१२ | भ्रमण खर्च | ७००,००० |
| ३१ | ८०११४४०४१०१ | २२६१३ | पदाधिकारी भ्रमण खर्च | ३००,००० |
| ३२ | ८०११४४०४१०१ | २२७११ | विविध खर्च | ९००,००० |
| ३३ | ८०११४४०४१०१ | २२७२१ | सभा सन्चालन खर्च | ७००,००० |
| ३४ | ८०११४४०४१०१ | २५३१५ | आर्थिक सहायता | ८००,००० |
| ३५ | ८०११४४०४१०१ | २८१४१ | जग्गाको भाडा | ५०,००० |
| ३६ | ८०११४४०४१०१ | २८१४२ | घरभाडा | ३३०,००० |
| ३७ | ८०११४४०४१०१ | २८१४३ | अन्य भाडा | ३००,००० |
| ३८ | ८०११४४०४१०१ | ३११२३ | फर्निचर तथा फिक्चर | ५००,००० |
| ३९ | ८०११४४०४१०१ | ३११२२ | मेशिनरी खरिद | ६००,००० |
| ४० | ८०११४४०४१०१ | २२३१९ | रेडबुक छपाई तथा स्वत पत्र प्रकाशन | ३००,००० |
| ४१ | ८०११४४०४१०१ | २२३१९ | राजपत्र, सामाजिक सुरक्षा फारम छपाई | ३००,००० |
| ४२ | ८०११४४०४१०१ | २२३१९ | पदाधिकारी तथा कर्मचारी दुर्घटना वीमा | ३००,००० |
| ४३ | ८०११४४०४१०१ | २२५२२ | बिभिन्न सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सन्चालन | ३००,००० |
| ४४ | ८०११४४०४१०१ | २२५२२ | स्वास्थ्य स्वयंम सेविकाहरुलाई यातायात भत्ता | ६००,००० |
| ४५ | ८०११४४०४१०१ | २२५२२ | सडक वत्तीको विल रकम भुक्तानी | ३००,००० |
| ४६ | ८०११४४०४१०१ | २११११ | टि. एल.एम. पारिश्रमिक | ४,३०९,५०० |
| ४७ | ८०११४४०४१०१ | २११११ | बालविकाश कर्मचारीको पारिश्रमिक | ३,६४०,००० |

बैठक संख्याः ११।२०८२
बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| क्र.सं. | बजेट उपशिर्षक | खर्च शिर्षक कोड | विवरण | आ.व. २०८२।०८३ को अनुमानित बजेट |
|---|---|---|---|---|
| ४८ | ८०११४४०४१०१ | २११११ | आकस्मिक स्वास्थ सेवाका कर्मचारीको पारिश्रमिक | १,८४५,६६२ |
| ४९ | ८०११४४०४१०१ | २११२३ | अक्सिजन आपूर्ति | ३००,००० |
| ५० | ८०११४४०४१०१ | २२५२२ | न्यायिक समिति सन्चालन | ७००,००० |
| ५१ | ८०११४४०४१०१ | २२५२२ | विभिन्न दिवश तथा अभियान | ५००,००० |
| ५२ | ८०११४४०४१०१ | २२५२९ | अथिति सत्कार | ८००,००० |
| ५३ | ८०११४४०४१०१ | २२५२२ | विद्यालय दिवा खाजा साझेदारी | २,५००,००० |
| ५४ | ८०११४४०४१०१ | २२३१९ | नगर प्रमुख सचिवालय खर्च | ५००,००० |
| ५५ | | | कर्मचारी तथा जन प्रतिनिधि अध्ययन/अवलोकन भ्रमण | ७००,००० |
| ५६ | | | चौवीसै घण्टा आकास्मिक स्वास्थ्य सेवा सन्चालन, व्यवस्थापन | १,८००,००० |
| ५७ | | | स्वास्थ्य उपकरण तथा सामग्री खरीद तथा EHMIS Software खरीद | २,०००,००० |
| | | | जम्मा | १०६,५८५,१९५ |

निर्णय नं. ४

ससकोशी नगरपालिकावाट आर्थिक वर्ष २०८२।०८३ मा संचालन गरिने तपसिलका नगर स्तरीय योजना तथा कार्यक्रमहरुमा देहाय वमोजिमको वजेट विनियोजन गर्न पन्ध्रौं नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

तपसिल

नगर स्तरीय कार्यक्रम/योजनाहरू तथा विनियोजित बजेट

| सि.नं. | शिर्षक | वजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | चालु खर्च | १०६५८५१९५ | |

बैठक संख्याः ११।२०८२

बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| सि.नं. | शिर्षक | वजेट रु. | कैफियत |
|---|---|---|---|
| २ | आ.व.२०८१।०८२ को सिर्जित दायित्व तर्फको कार्यक्रम/योजनाहरुको भुक्तानी अनुमान | ७४२९५४७३ | |
| ३ | नगरपालिकावाट आ.व.२०८२।०८३ मा संघीय समपुरक/प्रदेश समपुरक तर्फका कार्यक्रम/योजनाहरुको लागि लागत साझेदारी तथा अन्य कार्यक्रम/योजनाहरुको लागि लागत साझेदारी व्यहोर्ने अनुमान | ४0000000 | समपुरक तथा लागत साझेदारीमा संचालन हुने योजना/कार्यक्रममा अपुग हुने वजेटवाट सिर्जना हुने दायित्व नगरपालिकाले व्यहोर्नेछ । |
| ४ | ससकोशी शहरी खानेपानी आयोजना साझेदारी | २५00000 | |
| ५ | नगरस्तरीय कार्यक्रम/योजनाको वजेट | | |
| ७ | अधुरा भौतिक संरचनाहरुको निर्माण | ३000000 | |
| | श्री राष्ट्रिय आधारभुत विद्यालय सखुवनी वडा नं.३ | | |
| | श्री नन्दउमा पव्लिक मा.वि. वडा नं. ८ | | |
| | श्री आधारभूत विद्यालय वडा नं. ७ | | |
| | श्री राष्ट्रिय आधारभूत विद्यालय कमलपुर वडा नं.९ | | |
| | श्री अधुरो सभा हल निर्माण वडा नं.८ | | |
| | श्री जनहित आधारभूत विद्यालय वडा नं.५ को शौचालय निर्माण | | |
| | ४,६,७,१० र ११ नं. वडा कार्यालयको घेरावेरा | | |
| | २ नं. वडा कार्यालयको प्रङ्गगणमा माटो पुर्ने र व्लक विछ्याउने | | |
| ८ | वडा कार्यालय भवन निर्माण वडा नं.१ / वडा नं.८ | २५00000 | |
| ९ | जनतासंग मेयर कार्यक्रम | ३५00000 | |
| १० | जनतासंग उपमेयर कार्यक्रम | १५00000 | |
| ११ | शिक्षा विकास कार्यक्रम/योजना | ४५00000 | |
| १२ | नगर खेलकुद विकास समिति | २५00000 | |
| १३ | स्वास्थ्य सम्वन्धी कार्यक्रम/योजना | ६000000 | |
| १४ | कृषि विकास कार्यक्रम/योजना | ११00000 | |

बैठक संख्याः ११।२०८२
बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| सि.नं. | शिर्षक | वजेट रु. | कैफियत |
|---|---|---|---|
| १५ | पशु/पंन्छी विकास कार्यक्रम/योजना | २४००००० | |
| १६ | महिला, वालवालिका, अपाङ्गता सम्वन्धीका कार्यक्रम/योजना | ७००००० | |
| १७ | लक्षित वर्ग विकास कार्यक्रम/योजना | ५००००० | |
| १८ | दलित वर्ग सशक्तिकरण कार्यक्रम | २५०००० | |
| १९ | धर्म, सस्कृति संरक्षण तथा सम्वर्द्धन कार्यक्रम | २००००० | |
| २० | लघु उद्यम विकास कार्यक्रम/युवा स्वरोजगार कार्यक्रम | ६००००० | |
| २१ | रोजगार सेवा केन्द्र सम्वन्धी कार्यक्रम/योजना | ६००००० | |
| २२ | विपद व्यवस्थापन सम्वन्धी कार्य | ३०००००० | |
| २३ | टयाङ्ग्रा खोला निकासा जग्गाको मुआव्जा वितरण | ५०००००० | |
| २४ | वडास्तरीय कार्यक्रम/योजनाको वजेट | ३००००००० | |
| २५ | फोहोर मैला व्यवस्थापन-FSTP/WASH साझेदारी | १०००००० | |
| २६ | वैकल्पिक उर्जासंग साझेदारी-सुधारिएको चुलो | १०००००० | |
| २७ | विभिन्न योजनाको IEE/DPR निर्माण(मोक्षघाम निर्माण समेत) | २०००००० | |
| २८ | पशु वीमा प्रवर्द्धन कार्यक्रम | १२००००० | |
| २९ | प्राविधिकधार भेटेनरी कक्षा संचालन सहयोग | ३००००० | |
| ३० | गो.वै.ज.क्याम्पस संचालन/व्यवस्थापन | ३००००० | |
| ३१ | प्रयास पुस्तकालय संचालन तथा व्यवस्थापन | १५०००० | |
| ३२ | शहीद स्मृति/आशा स्मृति निर्माण | ५००००० | |
| | सि.नं. १ देखि सि.नं. ३२ सम्मको जम्मा | २९७६८०६६८ | |

निर्णय नं. ५

ससकोशी नगरपालिकावाट आ.व.२०८०।०८१ र आ.व.२०८१।०८२ मा संचालित तपसिलका सम्पन्न भएका योजनाहरु एवं संचालनको क्रममा रहेका योजनाहरुको देहाय वमोजिमको सिर्जित दायित्व आगामी आ.व.२०८२।०८३ मा भुक्तानी गर्ने गरी वजेट व्यवस्थापन गर्न र हाल संचालनमा रहेका निर्माण सम्पन्न हुन वाँकी योजनाहरुको हकमा सम्वन्धित निर्माण व्यावसायीहरुवाट म्याद थप गरी दिन अनुरोध भई आएको र प्राविधिक समेतवाट म्याद थप हुन सिफारस भई आएकोले उक्त योजनाहरुको निर्माण कार्य सम्पन्न गर्न तपसिल वमोजिमको म्याद थप गर्न पन्ध्रौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

बैठक संख्याः ११।२०८२

बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

<u>तपसिल</u>

## चालु आ.व.२०८१।०८२ र गत आ.व. देखि संचालनमा रहेका एवं सम्पन्न योजनाको आ.व.२०८२।०८३ मा दायित्व भुक्तानी गर्नु पर्ने वजेट

| सि.नं | योजनाको नाम | वडा नं | आ.व.२०८२।०८३ मा दायित्व भुक्तानी गर्नु पर्ने रकम रु |
|---|---|---|---|
| १ | CONSTRUCTION OF TOP TWO FLOORS OF ADMINISTRATIVE BUILDING AND OTHER WORKS | ४ | ३२३५५३०१ |
| २ | कमलदह पर्यटकीय स्थल निर्माण ॥ | ११ | १११९५६१५ |
| ३ | अधुरो सभा हल/अधुरो स्वास्थ्य चौकी/वर्थिङ्ग सेन्टर निर्माण तथा घेरावेरा | ८,९,१० | १०३८६१० |
| ४ | नगरस्तरीय प्रत्येक वडा गौरव आयोजना पूर्वाधार विकास कार्यक्रम | १-११ | ८००१०३० |
| ५ | फत्तेपुर बसपार्क निर्माण | १ | १५६९५९९ |
| ६ | सुरक्षित आवास निर्माण (MCDC) ४० घर | ३,७,८ र ९ | १०६३७९१३ |
| ७ | सुरक्षित आवास निर्माण (SAVE THE SAPTARI) २० घर | १० | ३८१८६९२ |
| ८ | कमलदह पर्यटकीय स्थल निर्माण । | ११ | ५३४६४९७ |
| ९ | वडा नं. ६ र ७ को वोचही वाँध निर्माण | ६,७ | २८३३९२ |
| १० | दिनाभद्री मन्दिरको रंगरोगन | ८ | ४८८२४ |
| | जम्मा रु. | | ७४२९५४७३ |

बैठक संख्याः ११।२०८२
बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

## ससकोशी नगरपालिकावाट संचालित देहायका योजनाहरुको म्याद थप

| सि.नं | योजनाको नाम | वडा नं | सम्झौता मिति | कार्य सम्पन्न गर्नु पर्ने मिति | म्याद थपको अवधि | उपभोक्ता/ ठेक्का |
|---|---|---|---|---|---|---|
| १ | कमलदह पर्यटकीय स्थल निर्माण II | ११ | २०८१।१०।४ | २०८२।३।१५ | २०८२।६।१५ | ठेक्का |
| २ | अधुरो सभा हल/अधुरो स्वास्थ्य चौकी/बर्थिंग सेन्टर निर्माण तथा घेरवेरा | ८,९,१० | २०८१।१२।६ | २०८२।३।१५ | २०८२।६।१५ | ठेक्का |
| ३ | सुरक्षित आवास निर्माण (MCDC) ४० घर | ३,७,८,९ | २०८२।३।५ | २०८२।३।३० | २०८२।८।३० | उपभोक्ता |
| ४ | सुरक्षित आवास निर्माण (SAVE THE SAPTARI) २० घर | १० | २०८१।११।१२ | २०८२।३।१६ | २०८२।६।१६ | उपभोक्ता |
| ५ | कमलदह पर्यटकीय स्थल निर्माण I | ११ | २०८१।२।१४ | २०८२।३।१५ | २०८२।६।१५ | ठेक्का |

निर्णय नं. ६

ससकोशी नगर कार्यपालिकाको मिति २०८२।१।१२ गतेको बैठकवाट चालु आ.व. २०८१।०८२ मा ससकोशी नगरपालिकाका भूमिहीन दलित/जनजाति र अति विपन्न परिवारहरूको लागि सुरक्षित आवास परियोजना सञ्चालन गर्न ससकोशी नगरपालिका, ह्यविट्याट नेपाल/महुली सामुदायिक विकास केन्द्रको लागत साझेदारी र सम्वन्धित घरधनीको श्रमदान २१% ले हुने श्रम सहभागितावाट ३० वटा सुरक्षित आवास तथा ससकोशी नगरपालिका र ह्यविट्याट नेपाल/SAVE THE SAPTARI, RAJBIRAJ को लागत साझेदारी तथा सम्वन्धित घरधनीको २१% ले हुने श्रम सहभागितावाट २० वटा सुरक्षित आवास गरी जम्मा ५० वटा सुरक्षित आवास घर ससकोशी नगरपालिका वडा नं. ३, वडा नं. ७, वडा नं. ८, वडा नं. ९ र वडा नं. १० मा १०/१० वटाको दरले निर्माण गर्ने गरी निर्णय भएकोमा माहुली सामुदायिक विकास केन्द्रको च.नं.१३३ मिति २०८२।१।११ गते र मिति २०८२।१।१२ गतेको पत्रवाट नगरपालिका, ह्यविट्याट नेपाल र महुली सामुदायिक विकास केन्द्र वीच साविकमा ३० वटा सुरक्षित आवासको लागि भएको त्रिपक्षीय संम्झौतामा थप १० वटा गरी ४० वटा सुरक्षित आवासको प्रस्ताव पेश भएको र वडा नं.७मा निर्माण हुने आवासहरुको जगमा सिमेन्ट व्लक

जोडाई गर्ने रहेकोमा सोही अनुसार काम शुरु भएको वाँकी वडाहरु वडा नं.३, वडा नं. ८ र वडा नं. ९ मा लागतमा घटवढ नहुने गरी आवासको जगमा सिमेन्ट व्लकको सट्टामा प्लम कंक्रिट ढलान हुने गरी लागत अनुमान पुनरावलोकनको लागि अनुरोध भई आएकोले सोही वमोजिम लागत अनुमानमा संशोधन गरेर वडा नं.३, वडा नं. ७, वडा नं. ८ र वडा नं. ९ मा १०/१० गरी देहाय वमोजिमको लागतमा ४० वटा आवास निर्माण गर्ने गरी कार्य संचालन भएको, साथै, ससकोशी नगरपालिका र ह्यविट्याट नेपाल/SAVE THE SAPTARI, RAJBIRAJ को लागत साझेदारी तथा सम्बन्धित घरधनीको २१% ले हुने श्रम सहभागिताबाट निम्न वमोजिमको लागतमा वडा नं. १० मा २० वटा सुरक्षित आवास निर्माणको कार्य संचालन भएकोमा उक्त परियोजना निर्माण कार्यको स्वीकृति गरी अनुमोदन गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

१.ससकोशी नगरपालिका, ह्यविट्याट नेपाल/महुली सामुदायिक विकास केन्द्रको लागत साझेदारी र सम्बन्धित घरधनीको श्रमदान २१% ले हुने श्रम सहभागिताबाट वडा नं.३, ७, ८ र ९ मा निर्माण हुने ४० वटा आवासको लागत

| घर संख्या | नगरपालिकाको लागत साझेदारी रु. (कन्टेन्जेन्सी समेत) | ह्यविट्याट नेपाल/महुली सामुदायिक विकास केन्द्रको लागत रु. | घरधनीको श्रमदान २१% ले हुने रु. | कुल लागत रु. |
|---|---|---|---|---|
| प्रति घर | २९००००।- | २०००००।- | १२८८८८।५६ | ६१८८८८।५६ |
| ४० घर | ११६०००००।- | ८००००००।- | ५१५५५५४२।४० | २४७५५५४२।४० |

२.ससकोशी नगरपालिका, ह्यविट्याट नेपाल/सेभ द ससरीको लागत साझेदारी र सम्बन्धित घरधनीको श्रमदान २१% ले हुने श्रम सहभागिताबाट वडा नं. १० मा निर्माण हुने २० वटा आवासको लागत

| घर संख्या | नगरपालिकाको लागत साझेदारी रु. (कन्टेन्जेन्सी समेत) | ह्यविट्याट नेपाल/सेभ द ससरीको लागत रु. | घरधनीको श्रमदान २१% ले हुने रु. | कुल लागत रु. |
|---|---|---|---|---|
| प्रति घर | २९००००।- | २०००००।- | १२८८८८।५५ | ६१८८८८।५५ |
| २० घर | ५८०००००।- | ४००००००।- | २५७७७७१।- | १२३७७७७१।५५ |

<u>निर्णय नं. ७</u>

बैठक संख्याः ११।२०८२
बैठक मितिः २०८२।३।३१, समयः विहान १०:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

ससकोशी नगरपालिकावाट " घ " वर्गको निर्माण व्यावसायी ईजाजातपत्र जारी गर्नको लागि प्रचलित कानून वमोजिम सम्वन्धित फर्मको योग्यता पुगे नपुगेको सम्वन्धमा अध्ययन गरी नगर कार्यपालिका समक्ष सिफारिस गर्नको लागि देहाय वमोजिमको " घ " वर्गको निर्माण व्यावसायी ईजाजातपत्र सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

" घ " वर्गको निर्माण व्यावसायी ईजाजातपत्र सिफारिस समिति

१. ईन्जिनियर श्री लोकेश चन्द्र पैकरा — संयोजक
२. अधिकृत श्री प्रकाश सुवेदी - सदस्य
३. ईन्जिनियर श्री किशोर कुमार यादव -सदस्य
४. लेखा अधिकृत श्री कविता वस्नेत -सदस्य
५. अ.स.ई.श्री मिथलेश कुमार सन्त - सदस्य-सचिव